# औरही नगरपालिकाको नगरसभामा प्रस्तुत आर्थिक वर्ष २०७६/०७७

# को

# नीति तथा कार्यक्रम

नगरसभाका सदस्यज्यूहरु,

यस औरही नगरपालिकाको चौथो नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत् गर्न पाउँदा म आफुलाई निकै गौरवन्वित महसुश गरेको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्दति निर्माण गर्न आफ्नो जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरुप्रति हार्दिक श्रद्दाञ्जली अर्पण गर्न चाहन्छु भने यस व्यवस्थाको लागि योगदान पुर्‍याउने सम्पुर्ण अग्रजहरुमा उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

औरही नगरपालिकाको तिब्र आर्थिक-सामाजिक विकास गरी **समृद्द र सुखी औरही नगरबासी** बनाउनु हाम्रो प्रमुख नीति रहनेछ । स्वाधीन, आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै सामाजिक न्याय सहितको दीगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने हाम्रो प्रस्थान बिन्दु हो भने औरही नगरपालिका सहित मुलुकको समृद्धिमा र दिगो विकासमा योगदान पुर्‍याउनु हाम्रो लक्ष्य हो । स्थानीय तहले कार्यान्वयन गर्ने गरी संविधानले नै सुनिश्चित गरेका अधिकारहरुलाई जनताकै ईच्छा अनुसार व्यवहारमा रुपान्तरण गर्दै ***" कृषि, शिक्षा, पर्यटन,स्वस्थ्य, सञ्चार र पूर्वाधार, औरही नगरपालिकाको समृद्धिको मूल आधार"*** भन्ने मूल उद्देश्यका साथ सभ्य, सुन्दर र समृद्ध औरही नगर निर्माण गर्नको लागि अघिल्ला नगरसभाहरुमा यस नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत भई सकेको विषयलाई समेत मनन गर्दै यस चौथो सभामा नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, स्थानिय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, नेपाल सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, निर्देशन, मार्गदर्शन, यस नगरपालिकाबाट जारी भएका ऐन, नियमावली, र कार्यविधीको परिधिभित्र रही श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिती, नगरकार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय र नगरपालिकार्यपालिकाको मार्गदर्शनको अधिनमा रहि नेपालको संविधान, प्रचलित ऐन कानुनको अनुसरण गर्दै टोल वस्तीस्तरबाट छनौट भै वडा समतिबाट प्राथमिकिकरण गरेर ल्याईएका योजना तथा कार्यक्रमहरुलाई समेत मध्यनजर गर्दै यस औरही नगरपालिकाको आ.व.२०७६/७७ को नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

## <u>औरही नगरपालिकाको संक्षिप्त परिचय:</u>

औरही नगरपालिका महोत्तरी जिल्लाको श्रीपुर, सोनामाई र औरही गा.वि.स. गरी साबिकका ३ वटा गाबिसहरु र साविक खोपी गा.वि.स. को करीब आधा भाग (वडा ५-९) समावेश गरी २०७३ फाल्गुन २७ गते नेपाल सरकारद्धारा गाउँपालिका घोषणा गरिएको थियो भने २०७४ साल भाद्र १ गते नगरपालिकामा स्तरोन्नती भएको भएको थियो । २०६८ को जनगणना अनुसार यहाँको कुल जनसंख्या

३१,७५१ छ । यसको क्षेत्रफल ३५.७६ वर्ग किलोमिटर रहेको छ । नगरपालिकाको उत्तरमा बर्दिबास नगरपालिका, पूर्वमा भँगाह नगरपालिका, पश्चिममा गौशाला नगरपालिका र सोनमा गाउँपालिका तथा दक्षिण तर्फ रामगोपालपुर नगरपालिका रहेका छन ।

**दीर्घकालीन सोंच :** ***"कृषि, शिक्षा, पर्यटन, स्वास्थ्य, पुर्वाधार र सञ्चार औरही नगरपालिकाको समृद्धिको मूल आधार" भन्ने हाम्रो शुरुकै वर्षदेखिका नगरसभामा प्रस्तुत दीर्घकालीन सोचलाई कायम राख्दै यस वर्ष "किसानलाई सिंचाई विद्याथीलाई पढाई" भन्ने अभियान समेत थालिने छ ।***

**लक्ष्य तथा उद्देश्य :** औरही नगरलाई कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन,व्यापार र पूर्वाधार बिकासका माध्यमबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सम्पन्न, वातावरणीय दृष्टिले स्वच्छ, शहरी सुविधा सम्पन्न व्यवस्थित नमूना नगर निर्माण गर्ने । कृषकलाई राहत हुने गरी सिंचाई सुबिधा उपलब्ध गराउने र विद्यार्थीलाई गुणस्तरीय शिक्षा उपलब्ध गराइने छ । कानून र न्यायको उच्च सम्मान गर्दै प्रदेश र संघ समेत समन्वय गरी नगर विकास र नागरिक हितमा काम गरिने छ ।

उल्लिखित दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य अनुरुप यस नगरपालिकाले आ.व.२०७६/०७७ मा अवलम्वन गर्ने नीति तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष प्रस्तुत गर्दछु ।

**क) आर्थिक विकास :** आर्थिक विकासका क्षेत्रमा शुरु भई सम्पन्न हुन नसकेका योजनालाई निरन्तरता दिई सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

**ख) कृषि तथा पशुपन्छी, सहकारी, उद्योग तथा वाणिज्य, रोजगार प्रबर्द्धन तथा गरिबी न्यूनीकरणका लागि ठोस काम गर्दै "दक्ष जनशक्ति गुणस्तरिय शिक्षा, आत्मनिर्भर एबं समृद्ध नगर हाम्रो अपेक्षा"** भन्ने अभियान संचालन गरिने छ ।

**ग)"एक वडा एक स्वास्थ्य केन्द्र स्थापना"**को कार्यलाई क्रमश: अगाडी बढाईनेछ भने नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्यको हक प्राप्त हुने व्यवस्था मिलाइने छ ।

**घ) खानेपानी तथा सरसफाई, युवा, खेलकुद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लक्षित वर्ग समेत), महिला, बालबालिका : बालमैत्री स्थानीय शासन, जेष्ठ नागरिक, दलित समुदाय ,जनजाती, अशक्त /अपांगता** समेतका क्षेत्रमा उल्लेखिनीय काम गरिनेछ ।

**ङ) सभ्यता हाम्रो परिचय, संस्कृती हाम्रो पहिचान"** भन्ने नाराका साथ नगरस्तरीय सडक गुरुयोजना ( Rural MUNICIPAL TRASPORT MASTER PLAN, RMTMP) जारी गरीनेछ । साथै MTMP बाट निर्दिष्ट गरिएका सबै सडकहरुको Right of Way (ROW) निर्धारण गरी त्यसको प्रभावकारी कार्यान्वयन

गरिनेछ भने भवन तथा सहरी विकास, ऊर्जा तथा विद्युतीकरण, सूचना तथा सञ्चार, सिँचाईका क्षेत्रमा उल्लेखिनीय काम गरिनेछ ।

**च**) विपद् व्यवस्थापन तथा सामाजिक विकासका लागि सार्वजनिक निजि साझेदारी र गैर सरकारी संस्थासँग समेत समझदारिमा काम गरिने छ ।

**छ**) संस्थागत विकास र सार्वजनिक सेवा प्रवाहका लागि, वीत्तिय व्यवस्थापन तथा सुशासन र राजश्व परिचालनका क्षेत्रहरुमा काम गर्दै, आन्तरिक लेखापरीक्षण, बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षणका क्षेत्रमा समेत काम गरिनेछ ।

अन्त्यमा नगरबासी, कार्यपालिका, नगरसभा सदस्यहरु, लगायत नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु समेतमा धन्यवाद ज्ञापन गर्दछु ।

**<u>प्रस्तूतकर्ता</u>**
सुनिल कुमार यादव
नगर प्रमुख
औरही न.पा., महोत्तरी ।